# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### प्रगतिनगर नवलपरासी
गण्डकी प्रदेश, नेपाल

☎०७८-५४५३६८


प.स: २०७८/०७९ मिति: २०७८/०८/०५

## ब्यवसायिक उत्पादन केन्द्र (पकेट) निर्माणका लागी ईच्छा पत्र सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०८/०५**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत नयाँ साना ब्यवसायिक उत्पादन केन्द्र (पकेट) निर्माणका लागी आ.ब २०७८/०७९ को स्वीकृत कार्यक्रम बमोजिम देवचुली नगरपालिकामा नयाँ तथा पुरानो पकेट निर्माण गर्न ईच्छुक तथा तपशिल बमोजिमका शर्तहरु पुरा गर्न सक्ने कृषक समुह,सहकारी,कृषि फर्म,कृषि कम्पनी,कृषि उद्यमि र जलउपभोक्ता संस्थाहरुको लागी प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तपशिलमा उल्लेखित विवरण सहित देवचुली नगरपालिका कृषि विकास शाखामा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र. स | कार्यक्रम | लक्ष्य | बजेट(रु लाखमा) | उपलब्ध हुने अनुदान | सर्तहरु |
|---|---|---|---|---|---|
| १ | तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम | ३ | १२ | कार्यबिधि अनुसार (५० प्रतिशत देखि ८५प्रतिशत सम्म) | पकेट क्षेत्र संञ्चालनका लागि एउटै कलस्टरमा एउटा मात्र वालि कम्तिमा निम्नानुसार लगाउन वा विस्तार हुन सक्ने हुनु पर्नेछ।<br>• खाद्यान्न वाली पाहाडमा १५ हेक्टर तराईमा २० हेक्टर<br>• आलु तथा तरकारी वाली पाहाडमा ७ हेक्टर तराईमा २० हेक्टर<br>• दलहन, तेलहन,मसलावाली फलफुल वाली पाहाडमा ७ हेक्टर तराईमा १० हेक्टर<br>• मौरीको हकमा ३०० घार कन्ये तथा गोब्रेच्याउ को हकमा १००० के.जि बिउ उपयोग गरी खेति गर्ने,प्लास्टिक घरमा खेती १ हेक्टर क्षेत्रफल हुनु पर्नेछ। |
| २ | अघिल्ला आ.व मा स्थापना भएका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम | ६ | १२ | | |

**निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजपत्रहरु:**

१. रु १० को टिकट टाँस गरी तोकिएको ढाचाको ईच्छा पत्र।

२. कृषि फार्म वा कृषि कम्पनीको हकमा सस्थाको दर्ता प्रमाणपत्र,PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ.ब करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।

३. कृषक समुह र सहकारी सस्थाको हकमा सस्थाको दर्ता प्रमाणपत्र,PAN/VAT दर्ता प्रमाण पत्र,सस्था सञ्चालक समितिको बैठक निर्णयको,बार्षिक अडिट रिर्पोट प्रतिलिपि

४. पकेट सञ्चालन हुने ठाउँको जग्गाको लालपुर्जाको प्रतिलिपि।

५. वडा कार्यालयको सिफारीस पत्र ।

**नोट: अन्य थप जानकारीका लागि देवचुली नगरपालिका कृषि विकास शाखा फोन न. ०७८-५४५३६८ मा सम्पर्क गर्नु हुन ।**

२०७८/०८/०५

कृषि विकास शाखा प्रमुख